## बकैया गाउँकार्यपालिकाको मिति २०७९।१०।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. समिक्षा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा योजना अनुगमन तथा फरफारक सम्बन्धी कार्यलाई तिव्रता दिँदै सहज र सरल रुपमा भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो।

२. ल्होसार बिदा सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा तामाङ समुदायको २८५९ औं सोनाम ल्होसारको अवसरमा यस गाउँपालिका अन्तरगतका सवै कार्यालयहरु, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा मिति २०७९/१०/०७ देखि२०७९/१०/०९ सम्म अत्याश्यक सेवाहरु बन्द नरहने गरी सार्वजनिक बिदा दिने निर्णय गरियो।

३. वारेसनामा सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा उच्च अदालत पाटन, हेटौंडा इजलासवाट जारी भएको संवत २०७९ सालको रिट निवदेन नं. ०७९-wo-००४२ वाट यस बकैया गाउँ कार्यपालिकाको कार्यालय, बकैया गाउँपालिका, हात्तिसुडे, मकवानपुर, बागमती प्रदेश, नेपाल

ऐ. का अध्यक्ष

ऐ. का उपाध्क्ष

७ नं वडाको कार्यालय, बकैया गाउँपालिका, मकवानपुर,बागमती प्रदेश,नेपाल

ऐ. का वडा अध्यक्ष मान बहादुर स्याङतान विरुद्धमा परेको रिटमा सम्मानित अदालत समक्ष लिखित जवाफ पेश गर्ने, तारेखमा बस्न, निवेदन दिन, म्याद तारेख, थाम्न प्रमाणहरु पेश गर्ने लगायत सम्पूर्ण काम कारवाहीका लागि यस कार्यालयमा कार्यरत न्यायिक सहजकर्ता श्री शुभलक्ष्मी विश्वकर्मालाई वारेसनामा तोक्ने निर्णय गरियो।

४. कानुनी सल्लाहाकार तोक्ने सम्बन्धमा।

प्रस्तुत विषययमा छलफल गर्दा यस गाउँपालिका विरुद्ध पर्ने रिट, उजुरी, मुद्दा तथा आवश्यक कानुनी सुझाव र सल्लाहाका लागि अधिवक्ता श्री शिव प्रसाद बञ्जारा, प्रमाणपत्र नं. ९२३३ लाई कानुनी सल्लाहानकार तोक्ने निर्णय गरियो।

५. वाटोको सेट ब्याकमा घर पर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले गर्ने घर नक्सा पास अभिलेखिकरण प्रमाणपत्र दिने क्रममा घर नक्सा पास सम्वन्धी कार्यविधि,२०७८ अगावै बनेका अधिकांश भवन संरचनाहरु वाटोको सेट ब्याकको मापदण्ड भित्र परेको हुँदा बाटो बिस्तार हुँदा वा अन्य

धर्मराज लामिछाने
अध्यक्ष

भरत बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

आवश्यकता अनुसार सो संरचना घर धनि स्यम् आफैले भत्काउने कबुलियति नामा गराई एक पटकको लागि अभिलेखिकरण प्रमाणपत्र दिने निर्णय गरियो।

६. काठमाडौं-तराई मधेस द्रुत मार्गको फोहोर व्यस्थापन सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा काठमाण्डौं-तराई मधेस द्रुत मार्ग अन्तरगतको यस गाउँपालिकाको विभिन्न स्थानमा रसायनिक जन्य पदार्थ तथा धुलो र माटो यस सिमात, बकैया तथा अन्य खोला नालामा मिसावट गरी फोहोर फैलाई पानी तथा जमिन दुषित पारेको सन्दर्भमा जन गुनासोको साथै विभिन्न सञ्चार माध्यमहरुबाट समेत सममचार आएको हुँदा यस गाउँपालिका सो विषयमा सम्वेदनसिल रही सरोकारवाल निकायहरुसँग तत्काल पत्रचार तथ छलफल गरी फोहोर व्वस्थापनमा  सहजिकरण गर्ने निर्णय गरियो।

७. स्वास्थ्य बीमा निरन्तरता सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता प्रदान गर्नको लागि प्रत्येक वडामा रहेका निस्क्रिय बीमा कर्ताहरुलाई प्रतिस्थापन गरी नयाँ बीमा कर्ता वडास्तरमा नै भर्ना गर्ने र छनौट भएका बीमा कर्ताहरुलाई गाउँपालिकावाट आवश्यक तालिम प्रदान गर्ने निर्णय गरियो।

८. एम्बुलेन्स मर्मत सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा कोभिड १९ को महामारी पुन देखापरेकोले गाउँपालिका भित्र रहेका एम्वुलेन्सहरुलाई मर्मत सम्भार गरी द्रुत राख्ने  र सो मर्मतको लागि लाग्ने आवश्यक खर्च बिपद व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो।

९. अपाङ्ग ग्राम निर्माण सम्बन्धमा।

निर्णय नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकामा अपाङ्ग ग्राम निर्माण तथा सञ्चालनको लागि बकैया ७ माथिल्लो हात्तिखोलामा रहेको बकैया कृषि औधोगिक ग्राम नजिक करिव २ बिगाह जग्गामा उक्त ग्राम निर्माणको लागि सम्वन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय सर्वस्मत पारित गरियो।

१०. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तह संस्थागत क्षतता स्वमूल्याङ्कन(LISA) को क्रममा प्राप्ताङ्कको सम्वन्धमा छलफल तथा आवश्यक कागजात पेश गरी प्राप्त भएको अङ्क ५६.२५ लाई अनुमोदन सहित सार्वजनिक गर्ने निर्णय गरियो।साथै उक्त प्राप्तङ्कलाई सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो।

धर्मराज लामिछाने
अध्यक्ष

भरत बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... मकवानपुर
बागमती प्रदेश, नेपाल

११. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को क्रममा प्राप्ताङ्कको सम्बन्धमा छलफल तथा आवश्यक कागजात पेश गरी प्राप्त भएको अङ्क ६९.५ लाई अनुमोदन सहित सार्वजनिक गर्ने निर्णय गरियो। साथै उक्त प्राप्ताङ्कलाई सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

१२. सहकारी सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरुले पौष मसान्त भित्र लेखापरीक्षण तथा साधारण सभा गरी सो लगायतको प्रतिवेदन यस गाउँपालिकामा पेश गरिसक्नु पर्नेमा उक्त प्रतिवेदनहरु हाल सम्म पेश नगरेका सहकारी संस्थाहरुलाई पत्राचार गर्ने साथै सहकारी संस्थाहरुलाई संस्थामा वसि समयमा ऋण-ब्याज नतिर्ने शेयर सदस्यहरुले वडा तथा गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने व्यहोराको पत्राचार गर्ने निर्णय गरियो।

१३. विविध योजना सम्बन्धमा।

प्रस्तुत विषयमा छलफल गर्दा तपसिलका योजनाहरु गाउँपालिका विविध र विविध पूर्वाधार शिर्षकवाट भुक्तानी हुने सम्झौता हुने निर्णय गरियो।

तपसिलः

१. दमैचौर सडक स्तरोन्नती योजना, बकैया २- रु.९२६२९१/-
२. बिरे खेलमैदान पूर्वतर्फ तटबन्धन, बकैया ८- रु. १०००००/-
३. श्री गीतावर आ.वि. बकैया ५-रकम रु. २५०००/-
४. खानेपानी योजना वडा नं. १, रकम रु. ३०००००/-
५. इनार २ वटा वडा नं. ७, रकम रु. १५००००/-
६. तामाखोला माझीटोल वडा नं. रकम रु. १०००००/-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका विद्युत विस्तार शिर्षकवाट भुक्तानी हुने गरी तपसिलका योजनाहरु सम्झौता गर्ने निर्णय गरियो।

१. माथिल्लो भिरकोट गाउँ सडक बत्ति जडान, बकैया ७, रु. ६००००/-
२. चकमके विद्युत विस्तार योजना, बकैया १०, रु. २०००००/-
३. सिमालीमाई मन्दिर निर्माण वकैया १२, रकम रु ५००००/-

१४. कृषि औद्योगिक ग्रामको DPR स्वीकृत सम्बन्धमा

प्रस्तुत विषयमा छलफल गर्दा वकैया कृषि औद्योगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

धर्मराज लामिछाने
अध्यक्ष

... बहादुर खत्री
उपाध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल